# पाठ्यक्रम विकास केन्द्रको सूचना

## सूचना नं. १ : स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र प्रयोग गर्ने

शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा ८ मा विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने व्यवस्था रहेको; शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ३५ अनुसार पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यसामग्रीहरूको सूचीमा परेका थप पाठ्यसामग्री वा पाठ्यपुस्तक मात्र प्रयोग गर्नुगराउनु पर्ने व्यवस्था रहेको छ । विभिन्न प्रकाशक, पुस्तक व्यवसायीहरूले पाठ्यसामग्रीमा नेपालको संशोधित मानचित्र समावेश नगरेको, पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सूचीमा नरहेका/स्वीकृति प्रदान नगरिएका र नियमानुसार परिमार्जन र अद्यावधिक नगरी पाठ्यसामग्री प्रकाशन र बिक्रीवितरण गरेको भन्ने गुनासो पाइएकाले यसप्रति पाठ्यक्रम विकास केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ । स्वीकृति प्राप्त पाठ्यसामग्रीहरूमा नेपालको संशोधित नक्सा समावेश नगरी तथा विद्यालय तहका पाठ्यक्रम अनुसार प्रचलित कानुनबमोजिम स्वीकृति प्राप्त गरेर मात्र पाठ्यसामग्रीहरूको प्रकाशन, बिक्रीवितरण र प्रयोग गर्नुपर्ने व्यवस्थाको प्रतिकूल हुने गरी प्रकाशन, बिक्रीवितरण र प्रयोग नगर्नुनगराउनुहुन प्रकाशक, पुस्तक व्यवसायी, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थीलगायत सरोकारवाला सबैलाई अनुरोध छ । प्रचलित कानुनको प्रतिकूल हुने गरी प्रकाशन, बिक्रीवितरण र प्रयोग गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

## सूचना नं. २ : नयाँ नक्सा अनिवार्य रूपमा प्रयोग गर्ने

पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको मिति २०७८।२।२८ गतेको बैठकबाट लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसहितको नेपालको नँया सबै कक्षाका पाठ्यपुस्तकका सम्बन्धित पेजहरूमा अनिवार्य रूपमा राख्नेपर्ने नेपाल सरकारको निर्णयानुसार जनक शिक्षा सामग्री केन्द्र र अन्य प्रकाशकहरूबाट छपाइ भइसकेका तर पुरानो नक्सा रहेका पाठ्यपुस्तकहरूका सम्बन्धित पेजहरूमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नयाँ नक्सा समावेश गरी उक्त पेजहरू पुनः छपाइ गरी बिक्रेताहरूमार्फत तत्काल सम्पूर्ण विद्यालयहरूमा अनिवार्य रूपमा पुऱ्याउने व्यवस्था गर्ने निर्णय भई आएकाले सम्बद्ध प्रकाशक तथा वितरकहरूले सोहीअनुसार गर्नगराउनुहुन तथा अन्यथा भएको पाइएमा प्रचलित ऐनकानुनअनुसार कारबाही हुने व्यहोरा सम्बद्ध सबैमा जानकारी गराइएको छ ।

## सूचना नं. ३ : तोकिएको पाठ्यक्रम संरचना र सिकाइको माध्यम भाषा प्रयोग

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ नेपाल सरकाबाट मिति २०७६।५।२० मा स्वीकृत भई शैक्षिक वर्ष २०७७ मा कक्षा १ र ११ मा र शैक्षिक वर्ष २०७८ मा कक्षा २, ३, ६ र १२ मा नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु भएका छन् । सम्बन्धित कक्षाको पाठ्यक्रम र पठनपाठन हुने विषयका सन्दर्भमा विद्यालयहरूलाई जानकारी भएकै होला । राष्ट्रिय शिक्षा नीति, राष्ट्रिय पाठ्यक्रम प्रारूप र स्वीकृत पाठ्क्रमअनुसार समाजिक अध्ययन र मानवमूल्य शिक्षालगायत नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुको पठनपाठनका लागि पाठ्यसामग्री र माध्यम नेपाली भाषा हुने व्यवस्था गरिएको छ । यस्ता विषयका पाठ्यसामग्री अङ्ग्रेजी माध्यममा यस केन्द्रबाट स्वीकृत नभएको समेत अनुरोध छ ।